आज मिति २०७६/०७/१७ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ४ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ६ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ७ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ८ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| ९ | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | |
| ११ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १२ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १३ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १४ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १५ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | |
| १६ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | |
| १७ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १८ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २० | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ३ | |
| २१ | श्री मेघनाथ पाध्या | सदस्य- सचिव | बुद्धभूमी न.पा. | |

Scanned by CamScanner

# मिति: २०७६।०७।१७ गतेको बुद्धभूमी नगरकार्यपालिकाको निर्णयहरु

**प्रस्ताव नं. १ सडकबोर्ड तर्फको योजना संशोधन सम्बन्धमा।**

निर्णय नं. १ : यस बुद्धभूमि नगरपालिकाको आ. व. २०७६/०७७ को पाँचौ नगर सभाबाट सडकबोर्ड कार्यक्रमबाट रू. ३५,००,०००।- प्रस्ताव गरिएकोमा सडक बोर्डबाट रू. ,३०,००,०००।- (तीस लाख मात्र) अख्तियारी प्राप्त भएको हुँदा तपसिल बमोजिम योजनाहरूको बजेट संशोधन गर्ने निर्णय गरियो।

**तपसिल:**

| सि.नं. | योजनाको नाम | ठेगाना | साझेदारी रकम रू. हजारमा | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सडक बोर्ड | न.पा. | कुल लागत | |
| १ | लोकमार्गदेखि हरिहरपुर पश्चिम जाने सडक | वडा नं. ८ | ९००.० | ५००.० | १४००.० | |
| २ | मोर्मदेखि लोकमार्ग जोडने सडक | वडा नं. ४ | १०५०.० | ५५०.० | १६००.० | |
| ३ | विजगौरी - गंगनी सडक स्तरोउन्नति | वडा नं. १० | १०५०.० | ४५०.० | १५००.० | |
| कुल जम्मा | | | ३०००.० | १५००.० | ४५००.० | |

**प्रस्ताव नं. २ सामाजिक सुरक्षा भत्ता सम्बन्धमा।**

निर्णय नं. २ : यस बुद्धभूमि नगरपालिकाको आ.व. २०७६/७७ को प्रमथ चौमासिकमा वितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ताको सम्पूर्ण विवरण तयार गरी एक हप्ता भित्र निकासा गरी वितरणको व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ नगरस्तरीय खेलकुद सम्बन्धमा।**

निर्णय नं. ३ : आ.व. २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत नगरस्तरीय खेलकुद मध्ये व्याडमिन्टन, उसु र डोरी तान खेल तत्काल नै सञ्चालन गर्नको लागि सरोकारवाला संघ, संस्थाहरूलाई जानकारी गराई २०७६ मंसिर मसान्त सम्ममा सम्पन्न गराउने व्यवस्था मिलाउन शिक्षा, युवा तथा खेलकुद शाखालाई जिम्मा दिने निर्णय गरियो।

**प्रस्ताव नं. ४ स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा।**

निर्णय नं. ४ : आ.व. २०७६/०७७ को स्वीकृत बार्षिक कार्यक्रमको स्वास्थ्य तर्फको कार्यक्रममा आँखा शिविर, पाठेघर स्वास्थ्य शिविर निम्न स्थानहरूमा सञ्चालन गर्नको लागि आवश्यक पर्ने दक्ष जनशक्ति,

नि. प्रमुख प्रशासकिय अधिकृत

२०७६/०७/१८

[नाम] कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

औषधी आदि व्यवस्थापनको लागि स्वास्थ्य शाखा संयोजक डोंल विक्रम बेल्बासेलाई जिम्मेवारी दिनुका साथै दुवै शिविर आगामी २०७६ पौष मसान्त सम्म सम्पन्न गर्ने निर्णय गरियो ।

क) आँखा शिविर सञ्चालन हुने स्थानः बुद्धभूमि नगरपालिका वडा नं. १०, धनकौली

ख) पाठेघर शिविर सञ्चालन हुने स्थानः बुद्धभूमि नगरपालिका वडा नं. ५, प्रेमनगर वा राजपुर

**प्रस्ताव नं. ४ लागत सहभागितामा सञ्चालन हुने योजनाहरूको सम्बन्धमा ।**

निर्णय नं. ४: बुद्धभूमि नगरपालिकाको पाँचौ नगरसभा बाट आ.व. २०७६/०७७ को स्वीकृत कार्यक्रम बमोजिम लागत सहभागितामा सौर्य सडक बत्ती तर्फ (६०:४०) अन्य पूर्वाधार निर्माण सडक, सिचाई, भवन, उद्यान पार्कहरूको लागि ७०:३०, ६०:४० र ५०:५० कार्यक्रमहरूमा लागत साझेदारी सहभागितामा काम गर्न चाहने इच्छुक सामुदायिक वनहरू, समुदाय, संघ संस्थाहरूबाट योजना मागको लागि २०७६ मंसिर मसान्त सम्ममा माग संकलनको लागि सूचना जारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ सार्वजनिक शौचालय निर्माण सम्बन्धमा ।**

निर्णय नं. ५: यस बुद्धभूमि नगरपालिकाको आ.व. २०७६/०७७ मा सार्वजनिक शौचालय निर्माणको लागि विनियोजित बजेटबाट बुद्धभूमि नगरपालिका वडा नं. ४ हनुमानचोक बुड्ढीको उपयुक्त स्थानमा शौचालय निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६ सम्बन्धमा ।**

निर्णय नं. ६: यस बुद्धभूमि नगरपालिकाको लागि आवश्यक पर्ने प्राविधिक कर्मचारीहरू व्यवस्थापन गर्नको लागि करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६ स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ विनियम संशोधन तथा उद्देश्य परिवर्तन सम्बन्धमा ।**

निर्णय नं. ७: हातेमालो सहकारी संस्था लि. बरकलपुर इमिलिया कपिलवस्तुको विनियम संशोधन बारे मिति २०७६।६।०१ गतेको पत्रको सम्बन्धमा छलफल हुँदा सहकारी ऐन २०७४ (केन्द्र) को दफा नं. २९ (१) मा सहकारी संस्थाको साधारणा सभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्ने प्रावधान रहेको र २९ (२) मा उपदफा (१) बमोजिम संशोधन भएको विनियम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि लागू हुने प्रावधान बमोजिम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ नगर प्रहरी भर्ना सम्बन्धमा ।**

निर्णय नं. ८: यस बुद्धभूमि नगरपालिकाको लागि नगरमा शान्ति सुरक्षा तथा अन्य व्यवस्थापकिय कार्यको लागि पाँचौ नगर सभाबाट स्वीकृत दरबन्दी एवं बुद्धभूमि नगरपालिकाको नगर प्रहरी ऐन २०७६ बमोजिम भर्ना प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

२०७६।६।१६
केशरी कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner

**प्रस्ताव नं. ९ इलाका प्रहरी कार्यालय गोरूसिगेंको पत्र सम्बन्धमा ।**

निर्णय नं. ९: नेपाल सरकार मन्त्री परिषदको निर्णय अनुसार बुद्धभूमि नगरपलिका वडा नं. ४ बुडढी प्रतिक्षालय हनुमानचोकमा रहने गरी प्रहरी चौकी बुडढीका लागि प्रहरी कर्मचारीहरूको व्यवस्था भई आएकोले बुद्धभूमि नगरपालिका वडा नं. ४ हनुमानचोक, पुर्वपश्चिम राजमार्गको आसपासको उपयुक्त स्थानमा प्रहरी चौकी स्थापनाका लागि आवश्यक जग्गाको व्यवस्थापनका साथै आवासको लागि नगरपालिको तर्फबाट सहयोग उपलब्ध गराउने र निकट भविष्यमा भवन निर्माणको लागि बजेटको सुनिश्चितता गर्ने भनी निर्णय गरियो ।

**प्रस्ताव नं. १० शिक्षा समितिको सदस्य सचिव सम्बन्धमा ।**

निर्णय नं. १०: यस बुद्धभूमि नगरपालिकाको नगर शिक्षा समितिको सदस्य सचिव पदमा हाललाई यसै नगरपालिकाका शिक्षा शाखा स्रोत व्यक्ति श्री खेमराज पौडेललाई सदस्य सचिवको रूपमा कामकाज गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ विविध सम्बन्धमा ।**

निर्णय नं.

| क्र.स. | विवरण | सहयोग शिर्षक | सहयोग रकम |
|---|---|---|---|
| १ | डिभिजन वन कार्यालय चेत्तरदेहीको विरूवा उत्पादन गर्न नर्सरी निर्माण गर्न रकम मागको सम्बन्धमा छलफल हुँदा बुद्धभूमि नगरपालिका भित्र नि:शुल्क विरूवा उपलब्ध गराउनको लागि साझेदारीमा नर्सरी निर्माण गर्न आ.व. २०७६/७७ मा विनियोजन भएको वन प्रवर्धन तथा व्यवस्थापन कार्यक्रम तर्फको विरूवा उत्पादन नर्सरी निर्माणको बजेट रू. ५,००,०००।- कार्य योजनाको आधारमा उपलब्ध गराउने निर्णय गरियो । | वन प्रवर्धन तथा व्यवस्थापन कार्यक्रम तर्फको विरूवा उत्पादन नर्सरी निर्माण | ५,००,०००।- |
| २ | मायादेवी मिडिया ग्रुप प्रा.लि. वाणगंगा न.पा.ले तितेपातो देउसी भैलो कार्यक्रमको लागि रू. १०,०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । | आर्थिक सहयोग | १०,०००।- |
| ३ | बुद्धभूमि नगरपालिका वडा नं. २ बस्ने क्यान्सरबाट पिडित वेन कुमार आचार्यलाई उपचारार्थ रू. १५,०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । | आर्थिक सहयोग | १५,०००।- |
| ४ | कार्तिक पूर्णिमामा (रामघाट बुद्धभूमि नगरपालिका वडा नं. १०, महादेव घाट बुद्धभूमि नगरपालिका वडा नं. ७, चरिगवा घाट बुद्धभूमि नगरपालिका वडा नं. ८,) तीन वटा घाटमा स्नान गर्न आउने तीर्थालुहरूको व्यवस्थापनको लागि प्रत्येक घाटलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । | आर्थिक सहयोग<br>वडा नं. १०<br>वडा नं. ८<br>वडा नं. ७ | १५,०००।-<br>८,०००।-<br>७,०००।- |

नि. प्रमुख प्रशासकिय अधिकृत

२०७६/०७/१६
केशव कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned by CamScanner